ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# अनुसन्धानमूलक लेखको निष्कर्ष लेखनका विधि र प्रक्रिया

सहप्रा.डा. हर्कबहादुर शाही
Email: shahiharka482075@gmail.com
https://orcid.org/009-0007-4068-3175
सहप्रा. त्रिवि अनुसन्धान निर्देशनालय

**सार**

*यस लेखमा निष्कर्ष लेखनका विधि र प्रक्रियाबारे अध्ययन गरिएको छ । अनुसन्धान लेखमा निष्कर्ष खण्ड अत्यन्त महत्त्वपूर्ण मानिन्छ किनभने यसले सम्पूर्ण अध्ययनको सारांश प्रस्तुत गर्ने मात्र होइन, अनुसन्धानको योगदान, सीमाबद्धता र भविष्यका सम्भावनाहरूलाई स्पष्ट पार्ने आधार पनि हो । अध्ययनको उद्देश्य अनुसन्धान लेखनमा निष्कर्ष खण्डलाई प्रभावकारी बनाउन आवश्यक प्रमुख विधिहरूको पहिचान र विश्लेषण गर्नु हो । यसमा विशेषगरी पाँच पक्षहरू अनुसन्धान उद्देश्यको पुनःस्मरण, नतिजाको संक्षिप्त प्रस्तुति, सैद्धान्तिक र व्यवहारिक सम्बन्धको व्याख्या, अध्ययनका योगदान र सीमाबद्धताको प्रस्तुति, तथा भविष्यका अनुसन्धानका सम्भावनाहरूको उल्लेख गरिएको छ । अनुसन्धान विधिको सन्दर्भमा यस लेखले गुणात्मक दृष्टिकोण अवलम्बन गरी द्वितीयक स्रोतहरू, जस्तै प्रकाशित पुस्तक, अनुसन्धान प्रतिवेदन र प्राज्ञिक लेखहरूको सैद्धान्तिक समीक्षा तथा तुलनात्मक विश्लेषणमार्फत सामग्री सङ्कलन गरेको छ । अध्ययनले निष्कर्ष खण्ड केवल समापन मात्र नभई अनुसन्धानलाई वैज्ञानिक, तर्कसंगत र प्राज्ञिक ढङ्गले प्रस्तुत गर्ने महत्वपूर्ण आधार हो । स्पष्ट, संक्षिप्त र तर्कसंगत निष्कर्षले अध्ययनको सार्थकता बढाउनुका साथै पाठकलाई अध्ययनको मूल्य बुझ्न सहज बनाउँछ र भावी अनुसन्धानकर्तालाई नयाँ दिशा प्रदान गर्दछ भन्ने कुरालाई नमुना निष्कर्ष दिएर त्यसको विधि र प्रक्रियाका आधारमा व्याख्या गरी स्पषट पररिएको छ । यसरी अनुसन्धान निष्कर्ष लेखनका विधि र प्रक्रियाबारे स्पष्टता प्रदान गर्नु आजको प्राज्ञिक लेखन अभ्यासमा अपरिहार्य भएको छ, जसले अध्ययनलाई प्राज्ञिक मात्र नभई व्यावहारिक दृष्टिले पनि अर्थपूर्ण बनाउँछ ।*

**प्रमूख शब्दावली**: अनुसन्धानमूलक लेख, निष्कर्ष, विधि र प्रक्रिया, सारांश, संक्षिप्त प्रतिविम्ब ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## परिचय

अनुसन्धानमूलक लेख भनेको कुनै निश्चित विषयमा वैज्ञानिक तरिकाले तथ्य सङ्कलन, विश्लेषण र व्याख्या गरेर प्राप्त निष्कर्षलाई प्रस्तुत गर्ने प्राज्ञिक लेख हो। यसले नयाँ ज्ञान, दृष्टिकोण वा तथ्यको खोजी गर्छ र विद्यमान ज्ञानलाई पुष्टि वा चुनौती दिन्छ (Creswell, 2014)। नयाँ ज्ञान र तथ्यमा आधारित भई आएको सारलाई प्रस्तुत गरिएन भने त्यसलाई अनुसन्धानमूलक लेख नै मानिदैन। Best & Kahn (2006) का अनुसार अनुसन्धानमूलक लेख एउटा संरचित प्राज्ञिक प्रतिवेदन हो, जसमा प्रस्तावना, सैद्धान्तिक आधार, पद्धति, परिणाम, छलफल र निष्कर्ष खण्ड समावेश गरिएको हुन्छ। यसले पाठकलाई अनुसन्धान प्रक्रियाबाट प्राप्त ज्ञानबारे पारदर्शी र प्रमाणमा आधारित भई जानकारी दिन्छ। Marshall & Rossman (2011) ले अनुसन्धान लेखलाई "ज्ञान सिर्जनाको लिखित प्रमाण" भनेका छन्, जसले अध्ययनको उद्देश्य, विधि र नतिजालाई स्पष्ट गर्छ। यसरी अनुसन्धानमूलक लेखले केवल अध्ययनको प्रतिवेदन मात्र नभई ज्ञानका माध्यमबाट समुदायलाई प्रशिक्षित र सचेतमा आधारित योगदान दिने कार्य गर्छ। शोध लेखमा निष्कर्ष अन्तिम तर अत्यन्त महत्त्वपूर्ण खण्ड मानिन्छ। यसले सम्पूर्ण अनुसन्धानको सारांश प्रस्तुत गर्ने मात्र होइन, अनुसन्धानले दिएको योगदानलाई स्पष्ट र प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने माध्यमको रूपमा पनि कार्य गर्दछ। प्रभावकारी निष्कर्षले अनुसन्धानको उद्देश्य, प्राप्त नतिजा र अध्ययनले दिने योगदानलाई संक्षेपमा बुझाउँछ (Creswell, 2014)। यदि निष्कर्ष कमजोर भयो भने अनुसन्धानले दिएको ज्ञान पाठकले बुझ्न कठिन हुन्छ, जसले सम्पूर्ण अध्ययनको प्रभावलाई कमजोर पार्छ। त्यसैले अनुसन्धानमूलक लेखमा निष्कर्ष लेखनलाई एउटा शास्त्रीय र प्रणालीगत प्रक्रिया मानिन्छ। यसमा अनुसन्धानका प्रमुख उद्देश्यहरूको पुनःस्मरण, अध्ययनबाट प्राप्त परिणामहरूको संक्षिप्त प्रतिविम्ब, सिद्धान्त र व्यवहारसँगको सम्बन्ध, अध्ययनका योगदान र सीमाहरूको प्रस्तुति, साथै भविष्यका अनुसन्धानका सम्भावित क्षेत्रहरूको संकेत जस्ता पक्षहरू व्यवस्थित रूपमा समावेश गर्नुपर्छ। निष्कर्ष खण्डले अध्ययनलाई समेट्ने अन्तिम आधारका रूपमा कार्य गर्ने भएकाले यसको लेखनमा स्पष्टता, संक्षिप्तता र तर्कसंगतता अनिवार्य मानिन्छ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

यस लेखको उद्देश्य अनुसन्धानमूलक लेखमा निष्कर्ष लेखनका विधि र प्रक्रियाबारे स्पष्टता प्रदान गर्नु हो । यसले निष्कर्ष खण्डमा समावेश गर्नुपर्ने प्रमुख तत्वहरू जस्तै अनुसन्धान उद्देश्यको पुनःस्मरण, परिणामको संक्षिप्त प्रतिविम्ब, सैद्धान्तिक र व्यवहारिक सम्बन्ध, अध्ययनका योगदान र सीमाहरू, तथा भविष्यका अनुसन्धानका सम्भावित क्षेत्रलाई विश्लेषण गर्ने लक्ष्य राखेको हुन्छ । लेखमा गुणात्मक पद्धति प्रयोग गरिएको छ, जसअन्तर्गत प्रासङ्गिक सैद्धान्तिक साहित्य समीक्षा र विद्यमान अध्ययनहरूको तुलनात्मक विश्लेषणमार्फत निष्कर्ष लेखनका आधारभूत पक्षहरू पहिचान गरिएको छ। यसरी यो लेखले अनुसन्धानमूलक लेखनमा निष्कर्ष खण्डलाई व्यवस्थित, तर्कसंगत र प्रभावकारी बनाउने उपायहरूबारे विद्वान, अनुसन्धानकर्ता र विद्यार्थीलाई मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ ।

## उद्देश्य

यस लेखको मुख्य उद्देश्य अनुसन्धान लेखनमा निष्कर्ष खण्डलाई प्रभावकारी बनाउन आवश्यक विधि र प्रक्रियाबारे स्पष्टता प्रदान गर्नु हो । यसले निष्कर्षमा समावेश गर्नुपर्ने प्रमुख पक्षहरू जस्तै अनुसन्धान उद्देश्यको पुनःस्मरण, नतिजाको संक्षिप्त प्रस्तुति, सैद्धान्तिक र व्यवहारिक सम्बन्धको व्याख्या, अध्ययनका योगदान र सीमाबद्धता, तथा भविष्यका अनुसन्धानका सम्भावनाहरलाई व्यवस्थित रूपमा नमुना र व्याख्यासहित प्रस्तुत गर्ने लक्ष्य राखेको छ । लेखले विद्यमान साहित्य र सैद्धान्तिक आधारहरूको समीक्षामार्फत निष्कर्ष लेखनलाई शास्त्रीय र प्रणालीगत ढङ्गले कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे मार्गनिर्देशन गर्ने प्रयत्न गरेको छ ।

## अध्ययन विधि

यस लेखमा गुणात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ, जसअन्तर्गत द्वितीयक स्रोतहरूलाई प्रमुख आधारका रूपमा प्रयोग गरिएको छ । अनुसन्धानका लागि सैद्धान्तिक दृष्टिकोण, विद्यमान साहित्य, प्रकाशित पुस्तक, जर्नल लेख तथा प्राज्ञिक प्रतिवेदनहरूको समीक्षामार्फत सामग्री सङ्कलन गरिएको छ। प्राप्त सामग्रीलाई तुलनात्मक ढङ्गले विश्लेषण गरी अनुसन्धानमूलक लेखमा निष्कर्ष लेखनका विधि र प्रक्रियाबारे स्पष्टता प्रदान गर्नका लागि नमुना निष्कर्ष दिएर त्यसको विधि र

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रक्रियाका आधारमा व्याख्या गरी स्पषट पररिएको छ । यसरी लेखमा कुनै प्रत्यक्ष तथ्याङ्क सङ्कलन नभई अनलाइनबाट प्राप्त स्रोतहरूको व्यवस्थित समीक्षा र विश्लेषणमार्फत अध्ययन गरिएको छ ।

## सैद्धान्तिक आधार

अनुसन्धानमूलक लेखमा निष्कर्ष खण्डको लेखन प्राज्ञिक लेखन प्रक्रियाको अत्यन्त महत्त्वपूर्ण पक्ष हो । यो खण्डले सम्पूर्ण अनुसन्धानको सार प्रस्तुत गर्दै अध्ययनको उद्देश्य, प्रयोग गरिएका विधि र प्राप्त नतिजाबीचको सम्बन्धलाई स्पष्ट पार्छ । Creswell (2014) का अनुसार निष्कर्ष लेखनलाई वैज्ञानिक अनुसन्धानको समेकन प्रक्रिया मानिन्छ, जसले नयाँ ज्ञानलाई विद्यमान ज्ञानसँग जोडेर पाठकलाई बोधगम्य बनाउँछ। यसै गरी, Best र Kahn (2006) ले अनुसन्धान लेखलाई संरचित प्रतिवेदनको रूपमा व्याख्या गर्दै निष्कर्ष खण्डलाई अनुसन्धान उद्देश्यको पुनःस्मरण, नतिजाको संक्षिप्त प्रतिविम्ब र अध्ययनले दिएको योगदानको उद्घोष गर्ने माध्यम ठानेका छन्। Marshall र Rossman (2011) ले अनुसन्धान लेखलाई "ज्ञान सिर्जनाको लिखित प्रमाण" भनेर परिभाषित गरेका छन्। उनीहरूको दृष्टिमा, निष्कर्ष खण्डले अनुसन्धान प्रक्रियाबाट सिर्जित ज्ञानलाई व्यवस्थित रूपले प्रस्तुत गर्ने कार्य गर्छ, जसले अध्ययनलाई शैक्षिक मात्र नभई व्यावहारिक महत्त्वसमेत प्रदान गर्दछ। Yin (2018) ले निष्कर्ष खण्डलाई व्याख्यात्मक संश्लेषण का रूपमा चित्रण गरेका छन्। उनको विचारमा प्रभावकारी निष्कर्षले अनुसन्धान प्रश्न, सैद्धान्तिक ढाँचा र परिणामबीचको सम्बन्धलाई स्पष्ट पार्दै नयाँ ज्ञानको स्थान निर्धारण गर्न मद्दत गर्छ। शैक्षिक लेखनका सन्दर्भमा Swales र Feak (2012) ले निष्कर्षलाई "closing moves" भनेर व्याख्या गर्दै यसलाई अनुसन्धान उद्देश्य पुनर्स्थापित गर्ने, नतिजाको सारांश प्रस्तुत गर्ने, अध्ययनको योगदान देखाउने र भविष्यका सम्भावित अनुसन्धान क्षेत्रहरू पहिचान गर्ने अभ्यासको रूपमा हेरेका छन्। Booth, Colomb र Williams (2008) ले यसलाई प्रणालीगत प्रक्रिया मानेका छन् र निष्कर्ष खण्डमा तीन प्रमुख कार्य उद्देश्य स्मरण, नतिजा प्रस्तुति र अध्ययनको व्यापक प्रभाव प्रकट गर्नुपर्ने कुरा बताएका छन् । त्यसैगरी बन्धु (२०६५) ले  निष्कर्ष अगाडि राखिएका तथ्यमा आधारित हुनु पर्ने र त्यसलाई समर्थन गर्नका लागि बाहिरका पूर्ववर्ती अप्रासङ्गिक कुराहरू ल्याउनु हुदैन भनेका छन् ।

यी सबै सैद्धान्तिक दृष्टिकोणहरूले अनुसन्धानमूलक लेखमा निष्कर्ष खण्ड केवल समापन मात्र नभई सम्पूर्ण अध्ययनलाई वैज्ञानिक, तर्कसंगत र योगदानमूलक ढङ्गले प्रस्तुत गर्ने महत्त्वपूर्ण आधार भएको देखिन्छ ।

## निष्कर्ष लेखनका विधिहरू

अनुसन्धानमूलक लेखको निष्कर्ष लेखन एउटा साधारण खण्ड मात्र नभई सम्पूर्ण अनुसन्धानको सार र मूल्यलाई प्रकट गर्ने शास्त्रीय प्रक्रिया हो । प्रभावकारी निष्कर्ष लेखनका लागि विभिन्न विधिहरू विकसित भएका छन्, जसले अनुसन्धानलाई वैज्ञानिक, तर्कसंगत र योगदानमूलक बनाउन मद्दत गर्छ । अनुसन्धानको निष्कर्ष लेखनका केही विधिहरू यसप्रकार रहेका छन् ।

तालिका

*निष्कर्षको लेखनका विधि, व्याख्या, उदाहरण र स्रोत*

| निष्कर्ष लेखनका विधि | व्याख्या | उदाहरण | स्रोत (In-text) |
|---|---|---|---|
| अनुसन्धान उद्देश्यको पुनःस्मरण | निष्कर्षमा अनुसन्धानले सोधेका प्रश्न वा उद्देश्यलाई संक्षिप्त तर स्पष्ट रूपमा स्मरण गराइन्छ। यसले पाठकलाई अध्ययनको दायराको स्मरण गराउँछ। | "अछामी भाषामा क्रियाविशेषणको रूप परिवर्तन लिङ्ग र वचन अनुसार कसरी हुन्छ भन्ने अध्ययन गरिएको छ।" | Creswell, 2014 |
| नतिजा संक्षेप | प्रमुख निष्कर्षहरूलाई संक्षिप्त र व्यवस्थित रूपमा प्रस्तुत गरिन्छ। विस्तृत तथ्याङ्क दोहोऱ्याइदैन । | "क्रियाविशेषणमा 'ओडो' पुरुष एकवचनमा 'ओडि', स्त्री एकवचनमा 'ओडा', बहुवचनमा हुन्छ ।" | Best & Kahn, 2006 |
| सैद्धान्तिक र व्यवहारिक सम्बन्ध स्पष्ट गर्नु | प्राप्त नतिजालाई प्रयोग गरिएको सैद्धान्तिक ढाँचा वा सिद्धान्तसँग जोडिन्छ, जसले अध्ययनको प्राज्ञिक र व्यावहारिक मूल्य देखाउँछ। | "अछामी भाषामा क्रियाविशेषणको रूप परिवर्तन अन्य भाषाका व्याकरणीय नियमसँग मेल खादैन ।" | Marshall & Rossman, 2011 |
| योगदान र सीमाहरू उल्लेख गर्नु | अध्ययनले दिएको योगदान र त्यसका सीमाहरू स्पष्ट रूपमा उल्लेख गरिन्छ, जसले वास्तविक मूल्य र परिणामको | "अध्ययनले अछामी भाषामा लिङ्ग वचन प्रभाव स्पष्ट पारेको छ; तर यो अध्ययन अछामका दुई ओटा गाउँमा सीमित भएकाले | Yin, 2018 |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

| | | | |
|---|---|---|---|
| | सीमा दर्शाउँछ। | सम्पूर्ण अछामी भाषामा लागू नहुन पनि सक्छ।" | |
| भविष्यका अनुसन्धानका सम्भावनाहरू संकेत गर्नु | अनुसन्धानले भविष्यमा अध्ययन गर्न सकिने क्षेत्रहरू वा प्रश्नहरू संकेत गर्नुपर्छ। | "आगामि अध्ययनमा अछामीका पदसङ्गतिको अध्ययन गर्न सकिन्छ।" | Swales & Feak, 2012 |

**अनुसन्धान उद्देश्यको पुनःस्मरण गर्ने विधि**

निष्कर्ष लेखनको पहिलो विधि अनुसन्धानका प्रमुख उद्देश्यहरूलाई संक्षिप्त रूपमा पुनः प्रस्तुत गर्नु हो। यसले अध्ययन किन गरिएको हो र यसले कुन प्रश्नको उत्तर खोजेको हो भन्ने कुरा पाठकलाई स्मरण गराउँछ। उदाहरणका लागि अनुसन्धानले अछामी भाषाको वर्ण निर्धारणको अध्ययन गरेको छ भने निष्कर्षमा यस उद्देश्यलाई छोटकरीमा उल्लेख गरेको हुनुपर्छ। Creswell (2014) ले यसलाई ज्ञान एकीकरण (knowledge integration) को पहिलो चरण मानेका छन्, जसले अध्ययनको सम्पूर्ण दिशा र सारलाई समेट्छ। अनुसन्धानको अन्तिम खण्डमा लेखकले अनुसन्धानका प्रमुख उद्देश्यहरूलाई पुनः प्रस्तुत गर्दा कुनै नयाँ व्याख्या वा नयाँ डाटा नथपेर ती उद्देश्यहरूलाई संक्षेपमा उल्लेख गरेर प्राप्त नतिजा वा तर्कहरू त्यही उद्देश्यअनुसार कसरी सम्बद्ध छन् भन्ने कुरा देखाइन्छ।

अनुसन्धान निष्कर्ष लेखनको चरणमा उद्देश्यको पुनःस्मरण गर्नुपर्ने देखिन्छ। यसले पाठकलाई अनुसन्धानले कुन समस्यालाई सम्बोधन गर्न खोजेको थियो भन्ने कुरा फेरि सम्झाउँछ, साथै नतिजा र उद्देश्यबीचको सम्बन्धलाई स्पष्ट पार्छ। उदाहरणका लागि "अछामी भाषाको वर्ण निर्धारण" शीर्षक रहेको अनुसन्धानलाई हेर्दा यसले अछामी भाषाका व्यञ्जन र स्वर ध्वनिहरूलाई व्यवस्थित रूपमा वर्गीकरण गर्ने, अछामी भाषाको वर्ण प्रणालीलाई नेपाली भाषासँग तुलना गर्ने र ध्वन्यात्मक विशेषताहरूलाई भाषिक दृष्टिकोणबाट विश्लेषण गर्ने उद्देश्य राखिएको थियो। अध्ययनका निष्कर्षहरूले अछामी भाषामा स्वरहरूको विविधता अपेक्षाकृत बढी रहेको र व्यञ्जन प्रणालीमा केही विशिष्ट ध्वन्यात्मक विशेषताहरू

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

रहेको देखाएको छ । यसरी प्रारम्भिक उद्देश्यलाई स्मरण गर्दा अछामी र नेपाली भाषाबीच ध्वन्यात्मक समानता र भिन्नता दुवै रहेको पुष्टि भएको छ ।

**अनुसन्धान परिणामहरूको संक्षिप्त प्रतिविम्ब प्रस्तुत गर्ने विधि**

अनुसन्धान परिणामहरूको संक्षिप्त प्रतिविम्ब प्रस्तुत गर्दा अध्ययनबाट प्राप्त नतिजाहरूलाई संक्षिप्त, स्पष्ट र व्यवस्थित रूपमा पाठकसमक्ष राखिन्छ । यसमा विस्तृत तथ्याङ्क, तालिका वा ग्राफिक विवरण समावेश नगरी केवल प्रमुख निष्कर्षहरूलाई सारांशका रूपमा प्रस्तुत गरिन्छ। उदाहरणका लागि यदि कुनै भाषिक अध्ययनले नेपाली भाषामा अंग्रेजी शब्दावलीको मिश्रण (कोड-मिक्सिङ) र विद्यार्थीहरूको भाषा दक्षतासँगको सम्बन्ध अनुसन्धान गरेको छ भने, परिणामहरूको संक्षिप्त प्रतिविम्ब यस प्रकार प्रस्तुत गर्न सकिन्छ: अध्ययनले अधिकांश विद्यार्थीहरूले दैनिक वार्तालापमा अंग्रेजी शब्दहरू प्रयोग गर्ने गरेको पाइएको छ र जसले उच्च मात्रामा कोड-मिक्सिङ गर्छन् उनीहरूको लेखन कार्यमा भाषा शुद्धता र व्याकरणमा कमी आएको देखिन्छ । यस आधारमा भाषा दक्षता सुधारका लागि शिक्षकहरूले भाषा-विशेष अभ्यास र शुद्ध नेपाली प्रयोगमा प्रोत्साहित गर्नुपर्ने देखिन्छ। यसरी परिणामहरूको संक्षिप्त प्रतिविम्बले अनुसन्धानका मुख्य निष्कर्षलाई पाठकसम्म छिटो र स्पष्ट रूपमा पुऱ्याउँछ र अध्ययनको सार प्रस्तुत गर्ने अभ्यासको रूपमा कार्य गर्छ (Best & Kahn, 2006)। छिटो र स्पष्ट रूपमा सार पाठकलाई पठाउने काम निर्षकर्षको यस विधिबाट हुन्छ ।

**सैद्धान्तिक र व्यवहारिक सम्बन्ध स्पष्ट गर्ने विधि**

अनुसन्धानको निष्कर्षले केवल तथ्यको सारांश मात्र दिने नभई यसले प्रयोग गरिएको सैद्धान्तिक आधार र प्राप्त व्यवहारिक नतिजाबीचको सम्बन्ध स्पष्ट रूपमा देखाउनुपर्छ । Marshall र Rossman (2011) का अनुसार यस विधिले अनुसन्धानलाई शैक्षिक ज्ञान सिर्जना र व्यावहारिक उपयोगितासँग जोड्ने काम गर्दछ । यदि कुनै भाषिक अध्ययनले विद्यालयमा मातृभाषा आधारित शिक्षण र विद्यार्थीहरूको भाषा दक्षतासँग सम्बन्धित विषयमा अनुसन्धान गरेको छ भने बान्दुराको सामाजिक शिक्षण सिद्धान्त प्रयोग गर्न सकिन्छ । अध्ययनका नतिजाहरूले अछामी भाषामा आधारित शिक्षण विधि

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

अपनाउँदा विद्यार्थीहरूले नयाँ शब्दावली छिटो सिक्ने, संवादमा आत्मविश्वास बढ्ने र भाषा संरचनामा सुधार हुने प्रष्ट हुन्छ। यसबाट विद्यार्थीहरूले शिक्षक वा साथीको भाषिक व्यवहारको अवलोकन गरेर सिक्ने प्रक्रिया सामाजिक शिक्षण सिद्धान्तसँग मेल खान्छ। व्यवहारिक दृष्टिले यस प्रकारको निष्कर्षले विद्यालय स्तरमा मातृभाषामा आधारित शिक्षणको आवश्यकता र उपयोगिता उजागर गर्दछ, जसले भाषा दक्षता मात्र सुधार्ने नभई विद्यार्थीहरूको सहभागिता र आत्मविश्वासमा पनि सकारात्मक प्रभाव पार्ने देखाउँछ। यसरी निष्कर्षले सैद्धान्तिक आधार र व्यवहारिक नतिजाबीचको सम्बन्धलाई स्पष्ट र औपचारिक रूपमा प्रस्तुत गरेको हुन्छ।

**अनुसन्धानका योगदान र सीमाहरू प्रस्तुत गर्ने विधि**

अनुसन्धानको निष्कर्षमा केवल तथ्य वा नतिजा प्रस्तुत गर्नु पर्याप्त हुँदैन; यसले अध्ययनले दिएको सैद्धान्तिक र व्यवहारिक योगदान साथै यसको सीमा पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ। Yin (2018) का अनुसार निष्कर्षलाई व्याख्यात्मक संश्लेषण (interpretive synthesis) को रूपमा प्रस्तुत गर्दै योगदान र सीमाहरू स्पष्ट पार्दा पाठकले अनुसन्धानको वास्तविक मूल्य, उपयोगिता र विश्वसनीयता दुवै बुझ्न सक्छन्। उदाहरणका रूपमा यदि कुनै भाषिक अध्ययनले विद्यालयमा मातृभाषा आधारित शिक्षण र विद्यार्थीहरूको भाषा दक्षताको सम्बन्धमा अनुसन्धान गरिएको छ भने यसले मातृभाषामा आधारित शिक्षण अपनाउँदा विद्यार्थीहरूले नयाँ शब्दावली छिटो सिक्ने, व्याकरण सुधार हुने र संवादमा आत्मविश्वास बढ्ने अनुभव गरेका छन्। यसले भाषा शिक्षणका दृष्टिले स्पष्ट व्यावहारिक र सैद्धान्तिक योगदान प्रदान गरेको देखाउँछ। यद्यपि यदि अध्ययन केवल एक जिल्लाका विद्यालयहरूमा सीमित गरिएको छ भने यसका नतिजा अन्य क्षेत्र वा फरक भाषिक समुदायमा सोझो लागू गर्न सकिँदैन, जसले अध्ययनको सामान्यीकरण क्षमता सीमित गर्छ। यसरी निष्कर्षमा अनुसन्धानका योगदान र सीमाहरू दुवै स्पष्ट रूपमा प्रस्तुत गर्दा पाठकले अध्ययनको वास्तविक महत्त्व, उपयोगिता र सावधानी अपनाउनु पर्ने पक्ष दुवै बुझ्न सक्छ, जसले अनुसन्धान प्रतिवेदनलाई अधिक विश्वसनीय, प्राज्ञिक र व्यावहारिक दृष्टिले अर्थपूर्ण बनाउँछ।

**भविष्यका अनुसन्धानका सम्भावनाहरू संकेत गर्ने विधि**

अनुसन्धानको निष्कर्ष लेखनको अन्तिम विधि भनेको भविष्यमा अनुसन्धान गर्न सकिने सम्भावित क्षेत्रहरूलाई स्पष्ट रूपमा संकेत गर्नु हो। Swales र Feak (2012) ले यसलाई “closing moves” भनेर व्याख्या गरेका छन्, जसले पाठक र भावी अनुसन्धानकर्तालाई नयाँ अनुसन्धान प्रश्न वा सम्भावित आयामतर्फ मार्गदर्शन प्रदान गर्छ । उदाहरणका रूपमा यदि कुनै भाषिक अध्ययनले विद्यालयमा मातृभाषा आधारित शिक्षण र विद्यार्थीहरूको भाषिक दक्षताको सम्बन्ध अनुसन्धान गरेको छ भने अध्ययनले मातृभाषामा आधारित शिक्षण अपनाउँदा विद्यार्थीहरूको शब्दावली, व्याकरण र संवाद जस्ता सीपमा सुधार आएको छ। यद्यपि अध्ययन केवल एक जिल्लाका विद्यालयहरूमा सीमित गरिएको थियो र विद्यार्थीहरूको भाषा संरचना र संवाद कौशलमा मात्र केन्द्रित रह्यो । यस आधारमा भविष्यमा अनुसन्धानले अन्य जिल्लाका विद्यालयहरूमा क्षेत्रीय भाषिक भिन्नता र सांस्कृतिक प्रभावको भूमिका अध्ययन गर्न सक्छ । साथै भाषिक विकाससँग सम्बन्धित मनोसामाजिक पक्ष, जस्तै विद्यार्थीहरूको आत्मविश्वास, सामाजिक सहभागिता र भाषिक आत्म-पहिचानमा मातृभाषा शिक्षणको प्रभाव गहिरो रूपमा मूल्याङ्कन गर्न सकिन्छ। यसरी भविष्यका अनुसन्धानका सम्भावनाहरूको स्पष्ट संकेत गर्दा अध्ययन केवल वर्तमान नतिजामा सीमित नहुने,आगामी अनुसन्धानकर्तालाई मार्गदर्शन गर्ने र प्रतिवेदनलाई शैक्षिक तथा व्यवहारिक दृष्टिले अर्थपूर्ण बनाउने अभ्यास सम्पन्न हुन्छ ।

**निष्कर्ष लेखनका चरणहरू**

अनुसन्धानमूलक लेखको निष्कर्ष लेख्दा सर्वप्रथम अनुसन्धान किन गरिएको हो भन्ने कुरा संक्षेपमा पुनःस्मरण गर्नुपर्ने हुन्छ । यसले पाठकलाई अनुसन्धानको मूल उद्देश्य र सोधिएका प्रश्नतर्फ फर्काउँछ । त्यसपछि अध्ययनबाट प्राप्त प्रमुख नतिजाहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरिन्छ, जसले अनुसन्धानको प्रतिफललाई प्रस्ट पार्छ। प्रस्तुत नतिजा र प्रारम्भिक उद्देश्यबीचको सम्बन्धलाई जोडेर देखाउनु अर्को महत्त्वपूर्ण चरण हो, किनकि यसबाट उद्देश्य पूरा भएको वा आंशिक रूपमा पूरा भएको कुरा स्पष्ट हुन्छ। त्यस्तै निष्कर्षमा अध्ययनले दिएको नयाँ ज्ञान, सैद्धान्तिक योगदान वा व्यावहारिक

उपयोगिता उल्लेख गरिनु आवश्यक हुन्छ, जसले अनुसन्धानको औचित्यलाई बल पुऱ्याउँछ। कुनै पनि अनुसन्धान सीमितताबाट मुक्त हुँदैन, त्यसैले लेखमा प्रयोग भएका विधि, समय, साधन वा अन्य पक्षका कारण उत्पन्न सीमा वा कमजोरीहरूलाई पनि निष्कर्षमा स्वीकार गर्नुपर्छ । अन्तिम चरणमा यसै विषयमा भविष्यमा गर्न सकिने थप अनुसन्धानका सम्भावनाहरूलाई संकेत गर्नाले आगामी अनुसन्धानकर्तालाई दिशानिर्देश गर्न मद्दत मिल्छ । यसरी चरणगत रूपमा प्रस्तुत गरिएको निष्कर्षले अनुसन्धानलाई सुसंगत, स्पष्ट र पूर्णता दिन्छ ।

## नमुना निष्कर्ष र व्याख्या

माथिको अनुच्छेद लेखनका विधि र प्रक्रियालाई आधार बनाएर एउटा नमुना निष्कर्ष र त्यसलाई विधि र प्रक्रियाका आधारमा यसप्रकार व्याख्या गरिएको छ ।

> "यस अध्ययनले बाजुरेली र मानक नेपाली भाषाको पदसङ्गत र शब्दवर्गीय भिन्नतालाई प्रणालीगत रूपमा विश्लेषण गरी दुवै भाषामा देखिने समानता र भिन्नतालाई स्पष्ट रूपमा पहिचान गरेको छ। अनुसन्धानको परिणामले देखाएको छ कि दुवै भाषाले आधारभूत व्याकरणिक संरचनामा समानता राखे तापनि स्थानीय स्तरमा शब्दरूप, क्रियापदको रूपान्तरण र पदानुक्रमको प्रयोगमा उल्लेख्य भिन्नता पाइन्छ। यी भिन्नताले बाजुरेली भाषाको मौलिकता मात्र होइन, नेपाली भाषासँगको सामाजिक र भाषिक सहअस्तित्वको पक्ष पनि स्पष्ट पारेको छ। यसले भाषिक विविधता र स्थानीय भाषाको संरक्षण आवश्यकतामा सैद्धान्तिक र व्यवहारिक दृष्टिले बल पुऱ्याउँछ। अध्ययनले भाषिक संरचना र स्थानीय भाषासँग सम्बन्धित सांस्कृतिक ज्ञानको मूल्याङ्कनमा योगदान पुऱ्याएको छ। यस निष्कर्षले देखाउँछ कि भाषिक भिन्नता केवल शब्दरूप वा व्याकरणमा सीमित नभई सामाजिक व्यवहार र सांस्कृतिक सम्पदासँग प्रत्यक्ष सम्बन्धित छ। तथापि, अध्ययन एकै जिल्लामा आधारित भएकाले निष्कर्षको सामान्यीकरणमा सीमितता रहेको छ। भविष्यमा विभिन्न भौगोलिक क्षेत्र, सामाजिक तह र उमेर समूहका वक्ताहरू समेटेर थप गहन अध्ययन गर्नु आवश्यक छ, जसले बाजुरेली भाषाको

व्यापक स्वरूपलाई अझ प्रस्ट रूपमा चित्रण गर्नेछ । अन्ततः, यस अनुसन्धानले केवल भाषिक भिन्नतालाई उजागर मात्र गरेको छैन, यसले आगामी अनुसन्धानका लागि एक सुसंगत ढाँचा र दिशानिर्देश पनि प्रदान गरेको छ। यसले भाषिक ज्ञानलाई समृद्ध पार्ने, स्थानीय भाषाको संरक्षणमा सहयोग पुर्‍याउने र भाषिक तथा सांस्कृतिक अध्ययनका लागि आधारभूत स्रोतको रूपमा प्रयोग हुन सक्ने देखिन्छ ।"

माथि दिएको निष्कर्षमा सर्वप्रथम अनुसन्धानको उद्देश्य स्मरण गरिएको छ, जसले दुवै भाषामा देखिने समानता र भिन्नतालाई स्पष्ट रूपमा पहिचान गरेको कुरा दर्शाइएको छ । त्यसपछि अध्ययनबाट प्राप्त मुख्य नतिजा प्रस्तुत गरिएको छ, जसमा स्थानीय स्तरमा शब्दरूप, क्रियापद रूपान्तरण र पदानुक्रमको प्रयोगमा उल्लेख्य भिन्नता देखाइएको छ। यी नतिजाले अनुसन्धानको उद्देश्यसँग प्रत्यक्ष सम्बन्ध रहेको कुरालाई पनि प्रष्ट पारेको छ, किनभने यसले बाजुरेली भाषाको मौलिकता मात्र नभई नेपाली भाषासँगको सामाजिक र भाषिक सहअस्तित्वको पक्षलाई पनि उजागर गरेको छ । अध्ययनको सैद्धान्तिक र व्यवहारिक योगदानलाई पनि स्पष्ट रूपमा उल्लेख गरिएको छ, जसले भाषिक विविधता र स्थानीय भाषाको संरक्षणको आवश्यकतालाई देखाउँछ। यद्यपिअध्ययन एकै जिल्लामा आधारित भएकाले निष्कर्षको सामान्यीकरणमा सीमितता रहेको कुरा स्वीकार गरिएको छ। यसलाई ध्यानमा राख्दै, भविष्यमा विभिन्न भौगोलिक क्षेत्र, सामाजिक तह र उमेर समूहका वक्ताहरू समेटेर थप गहन अध्ययन गर्नु आवश्यक रहेको बताइएको छ । अन्ततः यस अनुसन्धानले केवल भाषिक भिन्नतालाई उजागर मात्र गरेको छैन, यसले आगामी अनुसन्धानका लागि एक सुसंगत ढाँचा र दिशानिर्देश पनि प्रदान गरेको छ, जसले भाषिक ज्ञानलाई समृद्ध पार्ने र स्थानीय भाषाको संरक्षणमा सहयोग पुर्‍याउने क्षमता राख्दछ ।

## निष्कर्ष

यस लेखमा अनुसन्धानमूलक लेखमा निष्कर्ष लेखनका विधि र प्रक्रियाको विस्तृत चर्चा गरिएको छ। प्रभावकारी निष्कर्षले अध्ययनका उद्देश्य, नतिजा, सैद्धान्तिक जोड, योगदान र सीमाबद्धतालाई संक्षिप्त तर व्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्ने देखिन्छ। निष्कर्ष लेखन केवल समापन मात्र नभई सम्पूर्ण

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

अनुसन्धानलाई वैज्ञानिक र प्राज्ञिक रूपमा स्थापित गर्ने माध्यम हो । अध्ययनले प्रमाणित गरेको छ कि यदि निष्कर्ष खण्ड स्पष्ट, संक्षिप्त र तर्कसंगत रूपमा तयार गरिन्छ भने अनुसन्धानले दिएको नयाँ ज्ञानलाई समुदायमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सकिन्छ । साथै भविष्यका अनुसन्धानका सम्भाव्य क्षेत्रहरूको संकेत गर्दा आगामी अनुसन्धानकर्तालाई नयाँ दिशा प्रदान गर्न सकिन्छ । यसरी अनुसन्धानमूलक लेखमा निष्कर्ष लेखनलाई शास्त्रीय र प्रणालीगत प्रक्रिया मान्नुपर्छ, जसले अध्ययनलाई शैक्षिक मात्र नभई व्यावहारिक महत्त्वसमेत प्रदान गर्दछ ।

## सन्दर्भसमग्री


Best, J. W., & Kahn, J. V. (2006). Research in education (10th ed.). Pearson Education. [https://archive.org/details/researchineducat0000best

Booth, W. C., Colomb, G. G., & Williams, J. M. (2008). The craft of research (3rd ed.). University of Chicago Press. [https://press.uchicago.edu/ucp/books/book/chicago/C/bo5804032.html](https://press.uchicago.edu/ucp/books/book/chicago/C/bo5804032.html)

Creswell, J. W. (2014). Research design: Qualitative, quantitative, and mixed methods approaches (4th ed.). SAGE Publications. [https://us.sagepub.com/en-us/nam/research-design/book237880](https://us.sagepub.com/en-us/nam/research-design/book237880)

Marshall, C., & Rossman, G. B. (2011). Designing qualitative research (5th ed.). SAGE Publications. [https://us.sagepub.com/en-us/nam/designing-qualitative-research/book234242](https://us.sagepub.com/en-us/nam/designing-qualitative-research/book234242)

Punch, K. F. (2005). Introduction to Social Research: Quantitative and Qualitative Approaches. London: Sage.

Swales, J. M., & Feak, C. B. (2012). Academic writing for graduate students: Essential tasks and skills (3rd ed.). University of Michigan Press.

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

https://press.umich.edu/Books/A/Academic-Writing-for-Graduate-Students-Third-Edition

Yin, R. K. (2011). Qualitative Research from Start to Finish. New York: Guilford Press. https://eli.johogo.com/Class/Qualitative%20Research.pdf

Yin, R. K. (2018). Case study research and applications: Design and methods (6th ed.). SAGE Publications. https://us.sagepub.com/en-us/nam/case-study-research-and-applications/book250150

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन*, रत्न पुस्तक भण्डार ।